का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३१४
- २३ पुस २०७८, शुक्रबार
- 7 January 2022, Friday

www.madhyanhadaily.com

पृष्ठ १६ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

# गतिरोध तोड्ने प्रधानमन्त्रीको प्रयास



नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले बालकोट पुगेर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेटेको भोलिपल्ट, बिहीबार काँग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेटेका छन् । दुवै भेट संसदमा कायम गतिरोध हटाउने प्रयत्नका निम्ति भएको नेताहरुले बताएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ पुस ।

भारत भ्रमण स्थगित भएपछि प्रधानमन्त्री शेरबहादुर देउवा चार महिनादेखि कायम संघीय संसदको अवरोध हटाउने प्रयत्नमा जुटेका छन् । प्रधानमन्त्री भएको ६ महिनापछि देउवा बिहीबार भारत जाने तयारीमा थिए । तर गुजरात समिट नै स्थगित भएपछि प्रधानमन्त्री देउवाको भ्रमण पनि रद्ध भयो ।

– बाँकी पृष्ठ २ मा

# भ्रमण रद्ध भएकै दिन संवाद





प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण रद्ध भएकै दिन परराष्ट्रमन्त्री डा. नारायण खड्काले भारतीय समकक्षी एस जयशंकरसँग टेलिफोन संवाद गरेका छन् । दुई मन्त्रीबीच दुई देशबीचको सम्बन्ध र सहकार्यबारे सम्वाद भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २२ पुस ।

परराष्ट्रमन्त्री डा. नारायण खड्काले भारतीय समकक्षी एस जयशंकरसँग टेलिफोन सम्वाद गरेका छन् । परराष्ट्र मन्त्रालयका अनुसार, मन्त्री खड्का र जयशंकरबीच आसपी सहकार्य र सम्बन्धबारे कुराकानी भएको छ ।

विभागीय दुई मन्त्रीबीच विकास साझेदारी, कोरोना महामारी र दुई देशबीचको सहकार्यबारे सम्वाद भएको छ । मन्त्रालयका स्रोतका अनुसार, दुई देश बीच सहकार्यको दायरा अझ फराकिलो बनाउने सम्बन्धमा पनि छलफल भयो । सँगै, नयाँ वर्षको शुभकामना आदानप्रदान समेत भयो ।

दुई मन्त्रीबीच सम्वाद प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण स्थगित भएकै दिन भएको छ । बिहीबार प्रधानमन्त्री देउवा नयाँ दिल्ली हुँदै गुजरात जाने तयारी थियो । त्यसका निम्ति एक दिन अगाडि बुधबार मात्रै मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री देउवाको भारत

– बाँकी पृष्ठ २ मा

# संघमा सहमतिको प्रक्रिया जारी

## आज पुन: कार्यदल बस्ने, नेतृत्वमा हैसियतअनुसार ३३ देखि ५ प्रतिशतको प्रस्ताव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी नेतृत्व सहमतिको आधारमा छनोटको वातावरण मिलाउन गठित कार्यदलले पद बाँडफाँडको मस्यौदा बनाएको छ । सहमतिमा नेतृत्व छनोट गर्ने विषयमा मोडालिटी तयगर्न संघका कार्यवाहक अध्यक्ष कमल तामाङको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरिएको थियो ।

बिहीबार संघको कार्यालय बत्तीसपुतलीमा चार पूर्व अध्यक्ष तथा राजनीतिक दल निकट पाँच वटा संस्थाका प्रतिनिधिबीच ४ घण्टाभन्दा लामो समय नयाँ नेतृत्वमा संस्थागत प्रतिनिधित्व सन्तुलन सम्बन्धमा छलफल भएको थियो। बैठकमा निर्वाचन र मनोनयनको प्रक्रियाबाट गठन हुने संघको २१ सदस्यीय कार्यसमितिमा शक्ति र सन्तुलनको आधारमा भन्दै पद बाँडफाँडको मस्यौदा पेश

**वैदेशिक रोजगार विशेष**

गरिएको थियो ।

कार्यदलका सदस्य सचिव मेघनाथ भुर्तेलका अनुसार पूर्व अध्यक्षहरूका तर्फबाट नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनलाई २ पदाधिकारी र ५ सदस्य, एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाललाई २ पदाधिकारी र ३ सदस्य, नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्चलाई १ पदाधिकारी र २ सदस्य, नेकपा एकीकृत समाजवादी निकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनलाई २ पदाधिकारी र ३ सदस्य तथा समाजवादी वैदेशिक रोजगार व्यवसायी संघलाई एक सदस्य दिएर सर्वसम्मतिले नेतृत्व चयन गर्न सकिने प्रस्ताव पेश भएको छ ।

कार्यदलमा संघका कार्यवाहक अध्यक्ष कमल तामाङ नेतृत्वको संयोजकत्वमा संघका पूर्व अध्यक्ष तारा प्रसाद भट्टराई, दिल प्रसाद पोखरेल, प्रेमबहादुर कटुवाल, तिलकबहादुर रानाभाट, बल बहादुर तामाङ, बिमल ढकाल, निवर्तमान अध्यक्ष रोहन गुरूङ, वरिष्ठ व्यवसायी नवराज ढकाल र किसन प्रधान सदस्य रहेको भएपनि बिहीबारको बैठकमा पूर्व अध्यक्षहरू भट्टराई, रानाभाट र तामाङ उपस्थित रहेनन् ।

बैठकमा एसोसिएसनका तर्फबाट अध्यक्ष नरेन्द्र प्रसाद ढकाल, प्रगतिशील मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारी, गणतन्त्रिक मञ्चका उपाध्यक्ष धनलाल जैसी, एकीकृत व्यवसायी संगठनका उपाध्यक्ष वाईबि राई, समाजवादी संघका प्रेम थापा, वरिष्ठ व्यवसायी नवराज केसीलगायत उपस्थित थिए ।

बैठकले बाँडफाँड गरेको पदहरूमा सम्बन्धित संस्थाको निर्णयसहित शुक्रबार बिहान ११ बजे अर्को बैठक बस्ने पनि सदस्य सचिव भुर्तेलले मध्यान्हलाई जानकारी दिए ।

बिहीबारको बैठकमा एसोसिएसन र गणतान्त्रिक मञ्चले अध्यक्षमा दावी गरेको बताइएको छ । एसोसिएसनले धेरै सदस्य रहेकाले स्वभाविकरूपमा दाबी रहने अडान राखेको र गणतान्त्रिक मञ्चले अध्यक्ष भए पदाधिकारी तथा सदस्य कुनै पदमा दाबी नगर्ने भनाइ राखेको थियो ।

नेकपा विभाजन भएसँगै अलग भएका प्रगतिशील मञ्च र समाजवादी संगठनले आफुहरूको सांगठनिक अवस्था समान रहेको दाबी गर्दै संघमा पद र हैसियत पनि समान हुनुपर्ने अडान राखेको बताइएको छ ।

कतिपयले वर्तमान कार्यवाहक अध्यक्ष तामाङलाई अध्यक्ष बनाउनु उपयुक्त भएको राय राखेको त कतिपयले गणतान्त्रिक मञ्चका अध्यक्ष राम प्रसाद भान्तनालाई अध्यक्ष बनाउनु पर्ने

– बाँकी पृष्ठ २ मा

# एमाले रोक्न संयन्त्र

प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेकपा एमालेलाई राष्ट्रियसभा चुनावमा हराउन सत्तारुढ गठबन्धनले संयन्त्र बनाएको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ पुस ।

आगामी माघ १२ गते हुने राष्ट्रियसभा चुनावमा सत्तारुढ गठबन्धनले भागबण्डामा उम्मेद्वारी दिएका छन् । १९ सदस्यका लागि हुने चुनावमा दलको आकार अनुसार, गठबन्धनले भागबण्डामा उम्मेद्वारी दिएका छन् । बुधबार भएको मनोनयन दर्तामा नेपाली काँग्रेसले ६, नेकपा माओवादी केन्द्रले ५, नेकपा एकीकृत समाजवादीले ५, जनता समाजवादी पार्टीले दुई र राष्ट्रिय जनमोर्चाले एक सिटमा उम्मेद्वारी दिएका छन् ।

जनमोर्चाका निम्ति राष्ट्रियसभामा प्रवेशको यो पहिलो अवसर समेत हो । यदि गठबन्धन नगर्ने हो भने राष्ट्रियसभामा जनमोर्चाको सहभागिता हुनेछैन । तर एमालेलाई एक्ल्याउन भएको गठबन्धनमा जनमोर्चा समेत सामेल छन् । त्यही क्रममा गठबन्धनले जनमोर्चालाई राष्ट्रियसभामा एक सांसदको अवसर दिएको हो । राप्रपाले सत्तामा भने भाग लिएको छैन ।

एक्लिएको एमालेले सात मध्ये ६ प्रदेशमा पराजित हुने लगभग पक्का छ । ठूलो हेरफेर नआएमा एमालेले प्रदेश-१ बाहेकमा चुनाव जित्ने संभावना छैन । तर प्रदेश-१ मा भने अझैपनि एमालेका उम्मेद्वारले जित्ने संभावना छ । गठबन्धन भन्दा पनि धेरै मत एमालेसँग छ ।

तर प्रदेश-१ सहित सवैतिर जित निकाल्न सत्तारुढ गठबन्धनले उच्च स्तरीय संयन्त्र बनाएको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बिहीबार बसेको गठबन्धनको बैठकले संयन्त्र बनाउने निर्णय गरेको हो ।

संयन्त्रले आवश्यक प्रचार र व्यवस्थापन गर्नेछ । संयन्त्रमा नेपाली कांग्रेसका तर्फबाट संयन्त्रका संयोजक वरिष्ठ नेता रामचन्द्र पौडेल, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र सरकार प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्की छन् ।

नेकपा माओवादी केन्द्रबाट अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ र अर्थमन्त्री जनार्दन शर्मा छन् । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल र महासचिव भुसाल, जनता समाजवादी पार्टी नेपालबाट संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई, पार्टी अध्यक्ष उपेन्द्र यादव छन् । राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेल संयन्त्रमा छन् ।

# एकैसाथ ६९ जिल्ला अधिवेशन



**काठमाडौं/मस–** प्रमुख विपक्षी दल नेकपा एमालेले आज ६९ जिल्लामा एकसाथ जिल्ला अधिवेशन गर्दैछ । आन्तरिक कलहका कारण प्रदेश-२ का सप्तरी बाहेकका जिल्लामा अधिवेशन नहुने भएको छ । प्रदेश-१ को संखुवासभामा पुस २६ गत अधिवेशन गर्ने निर्णय भएको छ ।

हिमाली जिल्लाहरु मनाङ, मुस्ताङ, हुम्ला र डोल्पामा पनि जिल्ला अधिवेशन नहुने भएको छ । हिमपात र चिसोका कारण यी जिल्लाहरुमा अधिवेशन नहुने भएको हो । बाँकी जिल्लामा जिल्ला अधिवेशन हुने प्रचार विभाग उपप्रमुख बिष्णु रिजालले बताए ।

अध्यक्ष केपी शर्मा ओलीले भूगोल र विशेष क्षेत्रका जिल्ला अधिवेशनको एकसाथ भर्चुअल माध्यमबाट उद्घाटन गर्दैछन् । गएको १०-१४ मंसिरमा एमालेले दशौं राष्ट्रिय महाधिवेशन चितवनमा गरेको थियो । त्यसअघि गएको ६ कात्तिकमा वडा र ९ कात्तिकमा पालिका अधिवेशन गरेको थियो ।

प्रदेश अधिवेशन आगामी ८ माघमा गर्ने एमालेको तयारी छ । यसअघि यसरी एकैपटक अधिवेशन गर्ने प्रचलन एमालेमा थिएन । भूगोलको नेतृत्व चयन गर्नेगरी अधिवेशन सकेपछि एमालेले जनसंगठनको अधिवेशन गर्दैछ । जनसंगठनलाई फागुन मसान्तभित्र अधिवेशन गर्न निर्देशन दिएको छ । एमालेसँग २२ जनसंगठन आवद्ध छन् ।

# नेपालमा उकालो लाग्दै संक्रमण

**काठमाडौं/मस–** देशभर पछिल्लो २४ घण्टामा थप ५४० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । बाह्र हजार ९९ जनाको नमूना परीक्षण गरिएको थियो । सात हजार २०९ जनाले पीसीआर र चार हजार ८९० जनाले एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा २७१ जना कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको संख्या आठ लाख १३ हजार ४४७ पुगेको छ । निको हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ३० हजार ४८० र एन्टिजेन विधिबाट परीक्षण गरिँदा ९६ हजार ४४५ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ४९ लाख एक हजार ७४२ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या आठ लाख ४४ हजार ३९४ पुगेको छ । कूलमा संक्रमण दर १६ दशमलव नौ प्रतिशत छ ।



कोभिड विरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा एक लाख २० हजार ६५३ रहेको छ । हाल सक्रिय संक्रमितको संख्या पाँच हजार ४३१ रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको छ । यससँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ६०२ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत रहेको छ । प्रति १० लाख जनसंख्यामा मृत्युदर ३८१ दशमलव नौ रहेको छ ।

हाल भेन्टिलेटरमा रहनेको संख्या जम्मा १४ र आइसियूमा ७९ जना रहेका छन् । होम आइसोलेशनमा पाँच हजार ६९, संस्थागत आइसोलेशनमा ३६२ र क्वारेन्टिनमा ११३ रहेका छन् । हाल देशभरमा ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा काठमाडौं, ललितपुर र भक्तपुर रहेका छन् भने २०० भन्दा बढी उपचारार्थ संक्रमित रहेका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली छन् ।

शून्य संक्रमित रहेका जिल्लामा रसुवा, मनाङ, मुस्ताङ, हुम्ला र मुगु रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार ३०२, ललितपुर ६२१ र भक्तपुरमा ५५३ सक्रिय सङक्रमित रहेको मन्त्रालयले जनाएको छ ।

# चिसो भुइँमा बसेर पढ्न बाध्य बालबालिका

**राजेन्द्रप्रसाद पनेरु/मध्यान्ह**
कञ्चनपुर, २२ पुस

शुक्लाफाँटा नगरपालिका-१२ चित्रपुरमा रहेको बालविकास केन्द्रका बालबालिका चिसो भुइँमा बसेर बढ्न बाध्य भएका छन् । वनहरा नदीको बगरमा वर्षौं पहिले बनाइएको टहरामा सञ्चालित बालविकास केन्द्रमा अध्ययनरत बालबालिका फर्निचरको अभावमा चिसो भुइँमा बसेर पढ्न बाध्य भएका हुन् ।



दुर्गम विपन्न बस्तीका बासिन्दाले विद्यालय टाढा हुँदा बालबालिकालाई पढाउनका लागि गाउँ नजिकैको नदीको बगरमा विसं २०४८ देखि बालविकास केन्द्र सञ्चालन गर्दै आएका छन् । 'बालविकास केन्द्र सञ्चालन हुँदै आएको टहराको भुइँमा बालुवा छ, चिसो बालुवामै बसेर बालबालिका पढ्दै आएका छन्,' स्थानीयवासी जनक कार्कीले भने, 'अभिभावकको आर्थिक अवस्था निकै दयनीय छ, गाउँका अधिकांश परिवारले मजदुरी गरी जीविका चलाउँदै आएका छन्, मजदुरी नगरे चुलोमा आगो बल्दैन, घर चलाउनै मुस्किल भएका बेला विद्यालयलाई सहयोग गरी फर्निचरको व्यवस्था गर्न सकिएको छैन ।'

गर्मीका बेला बालुवा तात्ने भएकाले बालबालिका टहरामा बस्न नसक्ने बालविकास शिक्षिका सुमिता रानाले बताइन् । उनले भनिन्, 'थोरै हावा चलेपछि बालुवा उडन थाल्छ, बालबालिका बिरामी पर्ने गरेका छन्, हिउँदका बेला भुइँको बालुवा निकै चिसो हुँदा बालबालिकालाई बस्न निकै अप्ठेरो हुने गरेको छ ।'

घाम लागेका बेला चौरमा राखेर पढाउने गरे पनि अरु बेला कक्षा सञ्चालन गर्न निकै अप्ठेरो रहेको उनले बताइन् । टहराको माथि राखिएका वर्षौं पुराना जस्तापातामा खिया लागेर ठाउँठाउँमा प्वाल पर्दा चुहिने गरेकाले थोरै बर्सातमा पनि कक्षा सञ्चालन गर्न सकिने अवस्था नरहेको उनले जानकारी दिइन् ।

'वडा कार्यालयमार्फत नगरपालिकालाई बालबालिका बस्नका लागि कार्पेट, गुन्द्रीको व्यवस्था गरिदिनका लागि माग राख्दै आएका छौं,' उनले भनिन्, 'सुनवाइनै हुन सकेको छैन, अश्वास दिन्छन्, त्यसपछि कोही फर्केर आउँदैनन् ।' बालविकास केन्द्रमा खेल सामग्रीको समेत अभाव रहेको उनको भनाइ छ ।

बालविकास केन्द्रमा कृष्णपुर नगरपालिका-३ र शुक्लाफाँटा नगरपालिका-१२ का पाँच वर्षमुनिका ३५ बढी बालबालिका पढ्दै आएका छन् । यस क्षेत्रमा पहिला आधारभूत तहको विद्यालय नै सञ्चालमा रहेको थियो । बाढीजन्य प्रकोपका कारण विद्यालय विस्थापनमा परेपछि स्थानीय बासिन्दाले बालबाविकास शिक्षकको व्यवस्था गरी बालविकास केन्द्र सञ्चालन गर्दै आएका छन् ।


स-साना बालबालिकालाई नदी तारेर टाढाको विद्यालय पढाउन सकिने अवस्था नहुँदा बालविकास केन्द्र सञ्चालन गर्नु परेको सुवा रानाले बताए । 'कठ्याङ्ग्रिदो चिसोमा बालबालिका भुइँमा बसेर पढ्न बाध्य भए पनि नगरपालिकाको यसतर्फ ध्यान जान सकेको छैन,' उनले भने, 'पानी पिउनका लागि समेत धारा नहुँदा बालबालिका स्थानीय बासिन्दाको घरमा पुगेर पानी पिउने गरेका छन ।'

शुक्लाफाँटा-१२ का वडाध्यक्ष बाले राना दुर्गमको आदिवासी जनजाति र दलित समुदायको बसोवास रहेको क्षेत्र रहेको भए पनि थोरै बजेट विनियोजन हुने गरेकाले बालविकास केन्द्रको स्तरोन्नति गर्न नसकिएको बताउँछन् । नगरपालिकाबाट थोरै बजेट विनियोजन हुँदा सबै क्षेत्रमा बाँड्दा बालविकास केन्द्र छुट्ने गरेको उनले बताए ।

शुक्लाफाँटाका नगर प्रमुख दिलबहादुर ऐर बालविकास केन्द्रको अवस्थाबारे हालसम्म कुनै पनि निकायबाट जानकारीसम्म पाउन नसकेको बताउँछन् । 'बालविकासको भौतिक पूर्वाधार निर्माण, फर्निचर आवश्यक शैक्षिक सामग्रीका लागि प्रस्ताव आएमा आवश्यक बजेटको व्यवस्था गर्छौं,' उनले भने, 'पिछडिएको दुर्गमा क्षेत्रको विकासका लागि प्रतिबद्ध रहेको छु ।'

# गोरेका भाइ रमेश दुई लाख धरौटीमा छुटे

**काठमाडौं/मस–** साढे ३३ किलो सुन तस्करी र मोरङ उर्लाबारीका सनम शाक्य हत्या प्रकरणका आरोपी रमेश उप्रेतीलाई जिल्ला अदालत मोरङले दुई लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको छ । बिहीबार थुनछेक बहसपछि न्यायाधीश भरत लम्सालको इजलासले उप्रेतीलाई दुई लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको हो । उनी सुन तस्करी प्रकरणका मुख्य आरोपी चुणमणि उप्रेती गोरेका भाइ हुन् । जिल्ला अदालतको आदेशसँगै उनी धरौटीमा रिहा भएका छन् ।



यसअघि युएईमा रहेका उप्रेती सुन तस्करी प्रकरणका अभियुक्तहरुले सफाइ पाउने र धरौटीमा छुट्ने भएपछि मंगलबार नेपाल आएका थिए । त्यसपश्चात उप्रेती मंगलबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका थिए । २०७४ साल फागुन १९ गते मोरङ उर्लाबारीका सनम शाक्यको हत्या अनुसन्धान गर्ने क्रममा साढे ३३ किलो सुन तस्करीको विषय बाहिर आएको थियो । अनुसन्धानपछि १९ वैशाख २०७५ मा ७७ जना विरुद्ध 'आपराधिक समूह स्थापना र सञ्चालन गरी सुन चोरी पैठारी र चोरी निकासीको अवैध कारोबार, अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान' मुद्दा जिल्ला अदालतमा दर्ता भएको थियो ।

७७ जना प्रतिवादीमध्ये पक्राउ परेका गोरेसहित ५६ जना प्रतिवादीले सुन तस्करी मुद्दामा सफाइ पाए । शाक्य हत्या प्रकरणमा भने गोरेसहित ८ जनालाई अदालतले दोषी ठहर गरेको थियो ।

मोरङ उर्लाबारीका गोरे भनिने चूडामणि उप्रेती सहित टेकराज मल्ल ठकुरी, लाक्पा शेर्पा, मोहन काफ्ले, कृष्ण भनिने नरेन्द्र कार्की र भोजे मामा भनिने भोजराज भण्डारीलाई ज्यान मुद्दामा जन्मकैदको सजाय सुनाएको थियो । भारतीय नागरिक राजन कुमारलाई तीन वर्ष र माधव भनिने मदनप्रसाद घिमिरेलाई ६ महिना कैद सजायको फैसला भएको थियो ।

## गतिरोध...

यो भ्रमणका क्रममा प्रधानमन्त्री देउवाले समकक्षी नरेन्द्र मोदीलाई पनि भेट्ने तयारी थियो ।

प्रधानमन्त्री बनेपछि देउवा र मोदी बीच भेटवार्ता हुन सकेको छैन । तर अन्तिम दिन भ्रमण स्थगित भएपछि देउवाले नेकपा एमाले मनाउने प्रयत्नमा लागेका छन् । त्यसका निम्ति एमाले सहितको सर्वदलीय बैठक राख्नेतर्फ प्रधानमन्त्री देउवाले जोड दिएका छन् । प्रधानमन्त्री देउवाले त्यसका निम्ति राष्ट्रपति विद्यादेवी भण्डारी मार्फत् अगाडि बढ्ने विकल्प रोजेका छन् ।

यसअघि प्रधानमन्त्री देउवाले आफ्नै अग्रसरतामा समस्या समाधानको पहल गरेका थिए । प्रधानमन्त्री देउवाले सरकारी निवास बालुवाटारमा दुई पटक सर्वदलीय बैठक राखे । तर दुवैपटक एमाले सहभागी भएन । त्यसको विकल्पमा प्रधानमन्त्री देउवाले बिहीबार राष्ट्रपति भण्डारीमार्फत् अगाडि बढ्ने संकेत दिएका छन् । शितल निवास पुगेर प्रधानमन्त्री देउवाले संसद्को गतिरोध हल गर्नेबारे अग्रसरता लिइदिन आग्रह गरेको स्रोत जनाएको छ । राष्ट्रिय समस्याबारे दलहरुलाई बोलाएर छलफल गर्ने अधिकार संविधानले राष्ट्रपतिलाई दिएको छ ।

तर राष्ट्रपति भण्डारीले यसतर्फ चासो दिएकी थिएनन् । त्यसैका निम्ति प्रधानमन्त्री देउवा शितलनिवास पुगे । एकदिन अगाडि मात्रै नेपाली काँग्रेसका नेता रामचन्द्र पौडेल बालकोट पुगेका थिए । एमाले अध्यक्ष केपी शर्मा ओलीलाई संघीय संसद्को अवरोध हटाउनेबारे सोच्न पौडेलले आग्रह गरेका थिए । त्यसका निम्ति प्रधानमन्त्री देउवासँग कुरा गर्न पौडेलले आग्रह गरे । यसअघि गएको भदौ ३१ गते काँग्रेस नेता एवम् सञ्चार मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले पनि ओलीलाई बालकोट पुगेर भेटेका थिए । कार्कीले संसद्को अवरोध हटाउन आग्रह गरे ।

तर सभामुखको राजीनामा वा नेकपा एकीकृत समाजवादीका सांसदहरुलाई कार्बाही गरिएको सूचना टाँस गर्नुपर्ने माग सहित गएको भदौ २३ गतेदेखि लगातार संघीय संसद अवरोध गर्दै आएको छ । सभामुख अग्निप्रसाद सापकोटाले भने एकीकृत समाजवादीका सांसदलाई हटाइनुपर्ने माग सहित सर्वोच्चमा परेको रिट सर्वोच्च अदालतमा विचाराधीन रहेकाले तत्काल निर्णयको आवश्यकता नपरेको बताउँदै आएका छन् ।

एमालेको अवरोधका कारण एमसीसी, नागरिक विधेयक लगायत बिजनेश अगाडि बढ्न सकेको छैन । अध्यक्ष ओलीले भने यो संसद रहेसम्म अवरोध कायमै राख्ने र चुनावपछि मात्रै संसद् अवरोध हटाउने प्रष्ट अडानमा छन् ।

## भ्रमण...

भ्रमणमा जाने निर्णय अनुमोदन गरेको थियो । यो भ्रमणका क्रममा प्रधानमन्त्री देउवाले समकक्षी नरेन्द्र मोदीसँग भेट गर्ने कार्यतालिका समेत तय भएको थियो । सन्दर्भ भने गुजरातमा हुने भाइब्रेन्ट गुजरात समिट थियो ।

तर समिट स्थगित भएपछि प्रधानमन्त्री देउवाको भ्रमण पनि स्थगित भयो । समिट स्थगित भएकै कारण २५ सदस्यीय टोली लिएर प्रधानमन्त्री देउवा नयाँ दिल्ली पुग्ने कार्यक्रम रद्ध भयो । त्यसैदिन जयशंकरसँग मन्त्री खड्काको सम्वाद हुनुलाई चासोका साथ हेरिएको छ । यो भ्रमण आफैमा महत्वको समेत थियो । किनकि गएको असार २९ गते प्रधानमन्त्री नियुक्त भएका देउवाका निम्ति यो पहिलो भारत भ्रमण थियो । यही भ्रमणलाई कुटनैतिक भ्रमणका रुपमा समेत हेरिएको थियो ।

तर प्रधानमन्त्री मोदीले छुट्टै निमन्त्रता दिएर भ्रमण हुन लागेको थिएन । त्यसैले समिटको अवसरलाई पनि दुई देशका प्रधानमन्त्री बीचको पहिलो भेट हुँदैथियो । हुनत प्रधानमन्त्री भएपछि देउवाले कुनैपनि देशको भ्रमण गरेका छैनन् । पाँचौं पटक प्रधानमन्त्री बनेका देउवा पाँच दलीय गठबन्धनको जग र सर्वोच्च अदालतको परमादेशबाट सरकारको नेतृत्व गरिरहेका छन् ।

त्यसैले यो भ्रमण कुटनैतिक हुने र दुई देशबीच देखिएको समस्या हल गर्ने अवसरका रुपमा समेत हेरिएको थियो । गएको दुई वर्ष यता भारत र नेपाल बीच केही समस्या देखिएको छ । विशेषगरी भारत सरकारले जारी गरेको राजनीतिक तथा प्रशासनिक नक्सामा नेपालको भूमि मिचिएको छ । अझ गएको नेपालको भूमि मिचेर चीनसँग जोड्ने सडक बनाइयो । जसको बदलामा नेपाल सरकारले लिम्पियाधुरा समेत समेटेर नयाँ नक्सा जारी गरेको छ । जसप्रति भारत सरकारले आपत्ति जनाएको छ ।

## संघमा ...

कोणबाट विषय प्रवेश गराएको बताइएको छ । संघका निवर्तमान अध्यक्ष रोहन गुरूङले नेतृत्वको दावी आउनु स्वभाविक भन्दै आम व्यवसायीको सक्रिय दबाब बिना सहमतिको नेतृत्व चयन हुन कठिन रहेको मध्यान्हलाई बताए । उनले भने, 'सम्बन्धित संगठनमा पनि कुरा मिलाउनु पर्ने भएकोले सबैको दबाव र सद्भाव आवश्यक देखिएको छ ।'

संघमा यसअघिका दुई तिहाइ र पूर्ण बहुमत (क्लिन स्वीप)को नेतृत्व भएपनि व्यवसायीहरू राजनीतिक रूपमा विभाजित भएकाले वैदेशिक रोजगार क्षेत्रका समस्याको समाधान गर्न असफल रहेको निष्कर्ष निकाल्दै संघमा सर्वसम्मतिले नेतृत्व छान्ने निर्णय गरिएको हो । संघका कावा अध्यक्ष तामाङले शुक्रबारको बैठकले सहमति जुटाउने आशा लिएको बताए ।

# रेल्वेमा नपर्ने जग्गा तत्काल फुकुवा

झापा/मस-मेची-महाकाली विद्युतीय रेलमार्गको काँकरभिट्टा-इनरुवा खण्डअन्तर्गत झापाको जग्गा अधिग्रहण तथा मुआब्जा क्षतिपूर्ति निर्धारणका लागि आवश्यक प्राविधिक काम तत्काल सम्पन्न गरिने भएको छ । झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाको अध्यक्षतामा जिल्लास्थित राजनीतिक दल तथा सरोकारवाला निकायका प्रतिनिधिको बिहीबार जिल्ला प्रशासन कार्यालयमा भएको बैठकले त्यस्तो निर्णय गरेको हो ।

प्रजिअ तिमिल्सिनाले प्रशासन कार्यालयका तर्फबाट हालसम्म भएको पहल र प्रगतिबारे जानकारी गराउनुभएको थियो । रेल्वेका लागि नक्सांकन भएका झापाका छबटै पालिकाको वडास्तरसम्म पुगेर रेल्वे प्रभावित क्षेत्रको लगत संकलन कार्य सम्पन्न भएको र यसबारेमा केही प्रमाणीकरण गर्न बाँकी रहेको भए तत्काल सम्पन्न गर्ने निर्णय भएको छ ।

त्यस्तै रेल्वेअन्तर्गत मोरङ र सुनसरीमा डिमार्केसनको काम भइरहेकामा अब एक महिनाभित्र झापामा डिमार्केसन गरी पिलर गाड्ने कार्य सम्पन्न गर्ने निर्णय भएको छ । अब एक सातामा डिमार्केसन गरी पिलर गाड्ने कार्य सुरु गरिने रेल योजना कार्यालयले जनाएको छ । डिमार्केसन सकिएलगत्तै रेल्वेमा नपर्ने जग्गाको रोक्का फुकुवा गर्ने बैठकले निर्णय गरेको छ । त्यसैगरी रेल्वे क्षेत्रमा पर्ने जग्गाको मुआब्जा निर्धारण तत्काल गर्न सक्ने गरी तयारी हालतमा रहने निर्णय भएको छ । झापाको हकमा प्रचलित दरअनुसार मुआब्जा निर्धारणको काम लगभग सकिएको बुझिएको छ । मुआब्जा निर्धारण गर्न स्रोत सुनिश्चितता गर्नुपर्ने भएकाले उक्त कार्यका लागि रेल आयोजना कार्यालय, राजनीतिक दललगायत सरोकारवाला निकायले सक्रियरूपमा पहल गर्ने निर्णय भएको छ ।


## Duduwa Rural Municipality
## Office of Rural Municipal Executive
Bankattie, Banke
**Lumbini province, Nepal**

### Letter of Intent (LOI)

**(Date of publication:2078/09/23)**

This is to notify to all concerned bidders that, we are going to award the following contract as per IFB No:DRM/NCB/GOOD/016/2078-79, Published on Aarthik Dainik on 2078/08/17 (december 03,2021) to following bidder selected as substantially responsive highest evaluated bid fulfilling the qualification criteria.

| S. N. | work description | contract id | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Excluding (VAT amount). |
|---|---|---|---|---|
| 1. | Nadijanya padaartha uthkhanan gari bikri bitaran tatha nikaasi garney karyaa. | DRM/NCB/GOOD/016/2078-79 | Him sagarmatha construction pvt.ltd,bharatpur-10, chitwan | 2,17,77,777/- |

## साउदीमा रोजगार
कम्पनी: CHINESE CHILLI PROVIDE MEALS RESTAURANT
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०९/२२ चलानी नं.: ६०१७२२३२ L.T. No.: 255665

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस ३० गते (14 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

## साउदीमा रोजगार
१. कम्पनी: Kenan Arabia General Contracting Est
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०९/२२ चलानी नं.: ६०१७२२२५ LT. No.: 255724

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Electrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Road Vehicle Driver | 2 | 0 | | 1800 | ५६,८८० | | | | | | | |

२. कम्पनी: KENAN ARABIA GENERAL CONTRACTING EST शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०९/२२ चलानी नं.: ६०१७२२२७ LT. No.: 255722

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: KENAN ARABIA GENERAL CONTRACTING EST शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०९/२२ चलानी नं.: ६०१७२२२६ LT. No.: 255723

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुष ३० देखी माघ २ गते सम्म (14 to 16 Jan. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com

# नारायणहिटीमा रेष्टुरेन्टबारे छानबिन गर्न समिति गठन

## तीन दिनभित्र प्रतिवेदन पेश गर्न मन्त्री आलेको निर्देशन

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २२ पुस

नारायणहिटी दरबार संग्रहालयको बगैँचामा रेस्टुरेन्ट निर्माणका लागि दिइएको ठेक्काका सम्बन्धमा छानविन गर्न समिति गठन गरिएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आलेले संग्रहालयभित्र निर्माण हुँदै गरेको रेस्टुरेन्टलाई लिएर उत्पन्न विवाद तथा त्यसको ठेक्का प्रक्रियाको वास्तविकता अध्ययन गरी प्रतिवेदन बुझाउने जिम्मेवारीसहित समिति बनाएका हुन् ।

मन्त्रीस्तरीय निर्णयबाट उनले बिहीबार पर्यटन मन्त्रालयका सहसचिव होमप्रसाद लुईंटेलको संयोजकत्वमा छानविन समिति गठन गरेका हुन् । समितिमा कर्मचारी प्रशासन शाखाका उपसचिव टेकनारायण पौडेल, आर्थिक व्यवस्थापन महाशाखाका लेखा नियन्त्रक सूर्यमणी गौतम र कानूनका उपसचिव पुरुषोत्तम खतिवडा सदस्य छन् । मन्त्री आलेले तीन दिनभित्र छानविन गरी प्रतिवेदन पेश गर्न समितिलाई निर्देशन दिएका छन् । समितिको सदस्य सचिवमा शाखा अधिकृत टंकबहादुर नेगी छन् ।

के थियो घटना ?

संग्रहालयभित्र रेस्टुरेन्ट सञ्चालनका लागि २०७७ साल पुस १७ गते नारायणहिटी संग्रहालयका कार्यकारी निर्देशक भेषनारायण दाहालले पोखराको बतास समूहअन्तर्गतको बी म्यानेजमेन्टसँग तीन वर्षका लागि ठेक्का सम्झौता गरेका थिए । यससम्बन्धी खबर सार्वजनिक भएपछि मन्त्रालयले मंगलबार तत्कालका लागि निर्माण कार्य रोक्न निर्देशन दिएको थियो ।



### बतासमा मेरो संलग्नता छैन : आरजु



**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवा पत्नी एवं नेपाली कांग्रसकी केन्द्रीय सदस्य आरजु राणा देउवाले बतास समूहसँग आफ्नो कुनै सम्बन्ध नरहेको बताएकी छन् । सामाजिक सञ्जालमा आफू संलग्न संस्थाहरुको नाम सार्वजनिक गर्दै उनले त्यसबाहेक अरु कुनै पनि संस्थाहरुमा सल्लाहकार अथवा अन्य कुनै पदमा आफु नरहेको स्पष्ट पारेकी छन् ।

राणाले ग्रामिण महिला विकास तथा एकता केन्द्र, साथी नेपाल, सुरक्षित मातृत्व संजाल महासंघ, नामी, उल्लेन्स स्कुल र ब्लड डोनर्स एसोसिएसन नेपाल बाहेक अरु कुनैपनि संस्थामा आफ्नो संलग्नता नरहेको बताएकी छन् ।

राजतन्त्र अन्त्यसँगै संग्रहालयमा परिणत भएको नारायणहिटी दरबार परिसरभित्र निजी कम्पनी बतास समुहले रेष्टुरेण्ट संचालन गर्न भन्दै संरचना निर्माण गर्दै थियो । गैरकानुनी रुपमा धमाधम संरचना निर्माण भइरहेको खबर सार्वजनिक भएपछि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेमबहादुर आलेले निर्माण रोक्न निर्देशन दिए । मन्त्री आलेको निर्देशन पछि नारायणहिटी संग्रालयले अर्को आदेश नभएसम्म तत्काल निर्माण रोक्न पत्र मार्फत जानकारी गराएको छ ।

सस्तो भाडादरमा जग्गा हात पारेपछि दरबार संग्रहालय भित्र बतास समूहले रेस्टुरेन्टका लागि गैरकानूनी ढंगले संरचना निर्माण गरिरहेको थियो । बतासले यसअघि नै संग्रहालय परिसरमा बनिसकेको भवन सिंगार्नेदेखि बगैँचा निर्माणको काम गरिरहेको थियो । बतास अर्गनाइजेसनले संरचनामा निर्माणका लगि महानगरपालिकासँगसमेत अनुमति नलिएको पाइएको छ । संग्रहालयमा आउनेहरूका लागि सुविधा दिने बहानामा बतास समूहले नारायणहिटी परिसरमा रेस्टुरेन्ट खोल्ने अनुमति पाएको थियो । तर समितिका कार्यकारी निर्देशक भेषनारायण दाहाल भने संरचनाहरु अस्थायी भएको तर्क गर्छन् ।

समितिका कार्यकारी निर्देशक दाहाल संग्रहालयलाई खर्च जुटाउन दरबार क्षेत्र भाडामा लगाउनु परेको बताउँछन् । दाहालका अनुसार रेस्टुरेन्ट सञ्चालनमा आएपछि त्यहाँ जानेसँग समितिले कुनै शुल्क उठाउने छैन ।अर्थात् रेस्टुरेन्टमा जान संग्राहलयको टिकट काट्नुपर्ने छैन । रेस्टुरेन्टमा लाइभ म्युजिक सुन्ने सुविधा पनि हुनेछ । रेस्टुरेन्ट चलेपछि दरबारभित्र पार्किङ पनि खुल्नेछ । नेपालको ऐतिहासिक सम्पदा नारायणहिटी दरबार परिसरभित्र निजी कम्पनीको स्वार्थ पूरा गर्नु संग्रालयको अस्तित्व नै संकटमा पार्ने खेल हुनसक्ने कतिपयको बुझाइ छ ।

ललिता निवास जग्गा प्रकरण

# सीआईबीले सरकारी वकिललाई बुझायो प्रतिवेदन



**काठमाडौं/मस–** प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआईबीले बालुवाटारस्थित ललिता निवास परिसरको सरकारी जग्गा हिनामिनामा सम्बन्धी अनुसन्धान प्रतिवेदन बिहीबार जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा बुझाएको छ ।

पाँच पूर्व सचिवसहित करिब साढे ३ सय ६० जनालाई प्रतिवादी बनाएर मुलकी अपराध संहिता बमोजिम कारवाहीको माग गर्दै सीआईबीले रायसहितको प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएको हो । सीआईबीले पूर्वसचिवहरु दीप बस्नेत, छविराज पन्त, युवराज भुसाल, नारायणगोपाल मलेगो र दिनेशहरि अधिकारी, भूमाफिया किटान गरिएका रामकुमार सुवेदी र शोभाकान्त ढकाल तथा व्यापारी मिनबहादुर गुरुङलगायतलाई प्रतिवादी बनाएको छ ।

सरकारी वकिलको कार्यालयले प्रहरीले बुझाएको प्रतिवेदन अध्ययनको क्रममा रहेको जनाएको छ । जिल्ला सरकारी वकील कार्यालय काठमाडौंका सहन्यायाधिवक्ता गंगाप्रसाद पौडेलले प्रतिवेदन कार्यालयमा आइपुगेको जानकारी दिँदै सरकारी वकिल कार्यालयले प्रतिवेदन अध्ययन गर्न सरकारी वकिल तोक्ने र आवश्यक प्रक्रिया अगाडि बढाउने जानकारी दिए ।

उनले भने, 'दर्ता गरेर अध्ययनका लागि हामीले मान्छेहरु डिपोर्ट गर्छौं । सरकारी वकिल तोक्छौं ।

त्यसपछि सरकारी वकिलहरुले अध्ययन गर्नुहुन्छ । अध्ययन गरेपछि अनुसन्धान पूरा भएको अवस्था भयो भने चाहिँ मुद्दा चल्ने, नचल्ने निर्णय हुन्छ । चल्ने निर्णय भयो भने अभियोगपत्र तयार भएर अदालत जान्छ ।' विभिन्न मितिमा किर्ते कागजात र जालसाजी तथा कर्मचारीलाई प्रलोभनमा पारेर ललिता निवासको जग्गा भूमाफिया र तत्कालीन भोगाधिकारीले हडपेका थिए । सीआईबीले दुई वर्ष लामो अनुसन्धान र यसअघिको एकवर्ष लामो छानबिनका आधारमा खुलेका तथ्य र प्रमाण बमोजिम ३ सय ६० जना भन्दा बढीलाई प्रतिवादी बनाएको छ । प्रतिवादीलाई बढीलाई बिगो कैद जरिवाना गर्नुपर्ने रायसहित प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएको प्रहरीले जनाएको छ ।

अख्तियारले भने १ सय ७५ विरुद्ध कारवाही तथा जग्गा फिर्ताको माग दाबीसहित यसअघि नै उच्च अदालमा मुद्दा दर्ता गरेको छ । बालुवाटारको १४३ रोपनी ६ आना ३ पैसा ३ दाम जग्गा हडपिएको प्रहरी प्रतिवेदनमा उल्लेख छ । अहिले यो जग्गाको न्यूनतम मूल्य १३ अर्ब ७६ करोडभन्दा बढी हुने बताइएको छ ।

# एक्सनमा उत्रिए शिक्षामन्त्री पौडेल

## बढी शुल्क लिएको प्रमाणित भए कारबाही गर्ने चेतावनी

**काठमाडौं/मस–** मेडिकल कलेजमा देखिएको समस्याबारे शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल एक्सनै उत्रिएका छन् । बिहीबार काठमाडौं मेडिकल कलेज (केएमसी)को अनुगमन गर्दै मन्त्री पौडेलले बढी शुल्क नलिएको प्रमाण पेश गर्न सञ्चालकलाई निर्देशन गरे ।

मन्त्री पौडेलले बढी शुल्क लिइएको भेटिए तत्कालै कारबाही गरिने चेतावनी पनि दिएका छन् । केएमसीका प्रिन्सिपल रतिन्द्रनाथ श्रेष्ठलाई उनले बढी शुल्क नलिएको कुरा प्रमाणित गर्न भनेका छन् । अन्यथा कारबाही गर्न आफुँ पछि नहट्ने मन्त्री पौडेलको चेतावनी छ । पौडेलले शुक्रबारभित्र नै बढी शुल्क नलिएको प्रमाण पेश गर्न केएमसीलाई निर्देशन दिएका छन् । "बढी शुल्क नलिएको कुरा वार्ताको टेबुलमा प्रमाणित गर्नुस्, अन्यथा, कानुनअनुसार कारबाही हुन्छ", कलेज सञ्चालकसँगको भेटमा उनले भनेका थिए । अनुगमनमा मन्त्री पौडेलसँगै केएमसी पुगेकी भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले विद्यार्थीसहित कलेज प्रशासनलाई वार्ताका लागि बोलाएकी छन् ।काठमाडौं मेडिकल कलेजले अतिरिक्त शुल्क लिएको भन्दै विद्यार्थीहरु महिना दिनदेखि आन्दोलनमा छन् ।

### आयोगमा उजुरी परेपछि विनोद चौधरीले भने

# 'विधानसम्मत निर्वाचित भएको हुँ'

**काठमाडौं/मस–** नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा निर्वाचित विनोद चौधरीलाई पदमुक्त गर्नुपर्ने मागसहित निर्वाचन आयोगमा उजुरी परेको छ । सिरहा क्षेत्र नम्बर तीनका महासमिति सदस्य डा सुभाषचन्द्र यादवले केन्द्रीय समिति सदस्यमा विजयी भएका चौधरीले क्रियाशील सदस्यता लिएको १० वर्ष नपुगेको कारण देखाउँदै उम्मेद्वार नै हुन नपाउने व्यक्ति विजयी भएको भन्दै आयोगसमक्ष पदमुक्तको माग गरेका हुन् ।



महाधिवेशनमा खुला मधेसीतर्फ छैठौं स्थानको मत प्राप्त गरेका यादवले चौधरीलाई पदमुक्त गर्न उनको माग छ । कांग्रेसको विधान, २०१७ को परिच्छेद ७ दफा २१ ९८० मा १० वर्ष निरन्तर नेपाली कांग्रेसको क्रियाशील सदस्य भएको महाधिवेशन प्रतिनिधिबाट ४ महिलासहित ९ जना मधेसी केन्द्रीय सदस्य रहने व्यवस्था रहेको निवेदनमा स्मरण गराइएको छ ।

'मधेसी खुला पदमा निर्वाचित भनिएका विनोद चौधरी नेपाली कांग्रेसमा निरन्तर १० वर्ष क्रियाशील सदस्य नभएको निज २०७४ सालमा मात्र नेपाली कांग्रेसमा प्रवेश गरेकोले निजको केन्द्रीय सदस्यमा उम्मेदवार नै हुन नपाउने स्पष्टै छ,' उजुरीमा भनिएको छ, 'नेपाली कांग्रेसको विधान विपरित निर्वाचित भनिएका विनोद चौधरीको सम्बन्धमा नेपाली कांग्रेस केन्द्रीय कार्यालय र कांग्रेस केन्द्रीय निर्वाचन समितिमा उजुरी गर्दा पनि कुनै सुनुवाई नगरेबाट राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४, १५, १७, ५७ समेतको आधारमा प्रस्तुत उजुर निवेदन पत्र पेस गरेको छु ।'

**चौधरीको प्रष्टोक्ति**

यसैबीच कांग्रेसका केन्द्रीय सदस्य चौधरीले आफु पार्टीको विधान र विधिवत रूपमा सम्पूर्ण प्रक्रिया पूरा गरेर पार्टीको १४औं महाधिवेशनमा निर्वाचित भएको बताएका छन् । महाधिवेशनका विधिसम्मत प्रक्रियाहरूमार्फत् नेतृत्व छनोटका लागि भएको निर्वाचनमा आफैं सहभागी हुने र निर्वाचन हारेपछि विधिसम्मत थिएन भनेर प्रश्न उठाउनु अलोकतान्त्रिक र अराजनीतिक चरित्र भएको पनि उनले प्रतिक्रिया दिएका छन् ।

'महाधिवेशनमा निर्वाचन समितिले उम्मेदवारी दर्ता पछि विधिवत रूपमा दावी विरोधको समय उपलब्ध गराएको थियो । यदि म अयोग्य थिएँ भन्ने कसैलाई लागेको थियो भने त्यो समयमा किन दावी विरोध गरिएन ?' केन्द्रीय सदस्य चौधरीले भने, 'आफै सोही निर्वाचनमा उम्मेदवार हुने र विजय हुन नसकेपछि विधिसम्मत भएन भनेर रोईलो गर्नुको कुनै अर्थ छैन । नेपाली कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीमा यस्तो व्यवहार अपेक्षित मानिदैंन ।'

'यसलाई मैले मेरो राजनीतिक सक्रियताबाट आत्तिएकाहरूको मनोदशाका रूमा लिएका छुँ । मेरो सपना समृद्ध नेपाल निर्माण गर्ने हो । यस अभियानमा नेपाली कांग्रेसको नेतृत्वलाई हदैसम्मको साथ दिन म राजनीतिमा आएको हुँ ।' चौधरीले भने, 'म नेपाली कांग्रेसका होनहार कार्यकर्ताहरूबाट अनुमोदन भएर केन्द्रीय सदस्य पदमा निर्वाचित भएको हुँ । यसैगरि निर्वाचित हुने हक हरेक उम्मेदवारलाई थियो । तर, निर्वाचनमा पराजय भएपछि निर्वाचितहरूलाई लान्छित गर्नु भनेको आम कार्यकर्ताहरुको अपमान पनि हो ।'

# एक जना व्यक्तिका कारण सडक निर्माणमा विवाद

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २२ पुस



रौतहटको, राजपुर नगरपालिका वडा नं. ५ मा सडकको विषयलाई लिएर विवाद भएको छ । राजपुर नगरपालिकाले सडक निर्माण गर्न खोज्दा स्थानीय शेख मनगर अलीले आफ्नो घर जग्गा बाटोमा पर्न नदिन विवाद सृजना गरेका हुन् ।

उनले आफ्नो घर वरिपरिको ५ मिटर जग्गा भित्र कुनै पनि हालतमा सडक बनाउन नदिने र ढल पनि निर्माण गर्न नदिने भन्दै बिबाद गरेपछि लामो समयदेखि सडक बनाउने कार्य नै अबरुद्ध हुँदै आएको थियो । नगरपालिकाका प्रमुख मोहम्मद सकिल अखतरले डोजर मगाएर जवरजस्ती उनको घर भत्काएका थिए । त्यसपछि घरधनी अलीले आफ्नो घर वरिपरिको बाटो अरुलाई प्रयोग गर्न नदिने धम्की पनि दिएका छन् । उनको घरदेखि दक्षिण पश्चिम भागका जनताले उक्त बाटो प्रयोग गर्नुपर्छ । त्यहाँ सयौं घरपरिवारको बसोवास रहेको छ । उक्त बाटो प्रयोग गर्न नदिए पछि स्थानीय जनताले अलीको विरोध गरेका छन् । बाटो निर्माण गर्नका लागि सयौंले श्रमदान गरे पनि एक जना व्यक्तिका कारण अहिले समस्या आएको हो । सबैले बाटो सहज तरिकाले प्रयोग गर्नुपर्ने नगरप्रमुख अखतरले बताए पनि समस्या समधान भएको छैन । नगरप्रमुखले यसअघि नै सबैलाई राखेर सहमति गराएका थिए । विवाद समाधान गर्न भन्दै आएका स्थानीय नेता किरण साह पुगेर घरधनीको पक्ष लिए पछि आक्रोशित स्थानीयले साहलाई नै त्यहाँबाट लखेटेका थिए ।

**Invitation for Bids**

**Temkemaiyung Rural Municipality**
**Annapurna, Bhojpur**

**Invitation for Bids for the Road Construction & Upgrading Works of Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur**

**Date of publication: 2078/09/23 (2022/01/07)**

1. Temkemaiyung Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Road Construction & Upgrading Works of Temkemaiyung Rural Municipality under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur E-Mail address:-ito.temkemaiyungmun@gmail.com, Contact Numbers :- 9841982509, 9800972665.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of NRs.3,000 (Three thousand only) for bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Machhapuchchhre Bank Limited, Temkemaiyung**
   **Name of Office: Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur**
   **Office Account Name: Ga 1.1 Aantarik Rajaswa Khata**
   **Office Account no.: 0880067575500031**
   **Rajaswa (revenue) Shirshak no.: Ga 1.1**
4. Pre-bid meeting shall be held at Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur at 14:00pm on 2078/10/13 (2022/01/27).
5. Electronic bids must be submitted to the office Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur by e-bidding on or before 12:00 pm on 2078/10/23 (2022/02/06). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00pm on 2078/10/23 (2022/02/06) at the office of Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason.
9. Any intimidation, collusion and cartelling during bidding process shall be punishable by law.


| Package No. | Contract ID. No. | Description of work | Estimated Amount (NRs) (With VAT) | Cost of Bid Document | Bid Security Amount (NRs) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 19/BHO/ TRM/ROAD/ 078/079 | Cholanti Majhaule Road Upgrading Work (Package III) Temkemaiyung Rural Municipality, ward no.5 | 28,65,264.70 | NRs.3,000 | 72,000 | 90 days |

**Administrative Officer**
**Temkemaiyung Rural Municipality, Annapurna, Bhojpur**

Hilton Academy Pvt.Ltd.
A great place for career

**HOSPITALITY TRAINING**
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या
Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# बेथितिको हद

नारायणहिटी दरबार संग्राहलय परिसरमा रेष्टुरेन्ट चलाउन दिने निर्णय र सञ्चालनको तयारीबारे प्रति अर्को आलोचना भयो । बतास कम्पनीले प्रतिरोपनी ५० हजार भाडामा संग्राहलय परिसरमा रेष्टुरेन्ट सञ्चालनको तयारी गरेको थियो। तर चर्को आलोचनापछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले रोक लगाएको छ । मन्त्री प्रेम आलेको निर्देशनमा रेष्टुरेन्ट सञ्चालनको तयारीमा रोक लगाउनुको साथै छानबीन समिति पनि बनाइएको छ । पर्यटन महाशाखाका सहसचिव होमप्रसाद लुइँटेलको अध्यक्षतामा पाँच सदस्य छानबीन समिति बनेको छ । यो समितिलाई तीन दिनभित्र प्रतिवेदन बुझाउने कार्यादेश समेत दिइएको छ । अतः ऐतिहासिक संग्राहलय परिसरमा रेष्टुरेन्ट सञ्चालन गर्ने प्रक्रिया तत्काललाई टरेको छ । छानबीन समिति बनेकाले प्रतिवेदनपछि थप निर्णय हुने अनुमान गर्न सकिन्छ ।

तर यो प्रकरणमा राजनीतिक नेतृत्व समेत जोडेर आलोचना र चर्चा भइरहेको छ । त्यसमा तत्कालीन पर्यटन मन्त्री योगेश भट्टराईको पनि आलोचना भइरहेको छ । भट्टराई मन्त्री र यादवप्रसाद कोइराला सचिव हुँदा संग्राहलय परिसरमा रेष्टुरेन्ट सञ्चालनको अनुमति दिइएको थियो । त्यसैले भट्टराईलाई यो प्रकरणमा जोडेर हेरिएको छ । भट्टराईले भने आफ्नो हस्ताक्षर देखाउन चुनौती दिएका छन् । रेष्टुरेन्ट सञ्चालनको अनुमति दिइरहदा भट्टराईको मौखिक सहमति रहेको सरकारी दावी छ । यो प्रकरणमा थप अर्का शीर्ष नेता पनि जोडिन पुगेकी छन् । बतास समूहको सल्लाहकार प्रधानमन्त्री शेरबहादुर देउवाकी पत्नी एवम् नेपाली काँग्रेसका केन्द्रीय सदस्य आरजु राणा रहेको सार्वजनिक भयो ।

लगत्तै राणाले बक्तव्य जारी गरेर बतास समूहमा आफ्नो संलग्नता नरहेको प्रष्टोक्ति दिएकी छन् । भट्टराई र राणामाथि लागेको आरोप अनि दिइएको प्रष्टोक्तिको परीक्षण छानबीन समितिको प्रतिवेदनपछि प्रष्ट हुनेछ । तर संशय भने कायमै रहनेछ । किनकि सार्वजनिक सम्पत्तिमा शीर्ष नेतृत्व र विचौलियाको संलग्नतामा ठूलो अपचलन भएको तथ्य एकपछि अर्कोगरी सार्वजनिक हुँदै आएको छ । ललिता निवास जग्गा प्रकरण अहिले ठूलो प्रकरण र चासोको विषय बन्दै आएको छ । त्यसबाहेक राजनीतिक नेतृत्वकै मिलेमतोमा सार्वजनिक सम्पत्ति अपचलन हुने अरू घटनाहरू समेत सार्वजनिक हुँदै आएको छ । तसर्थ, बतास समूहको निष्पक्ष छानबीन र आवश्यक निर्णय लिनु आवश्यक छ ।

# नेतृत्व चयनको अभ्यासमाथि प्रश्न

मुलुकमा अपराधी चरित्रका नेतृत्वलाई मात्र बारम्बार अवसर दिने र नायकको हैसियतमा पुऱ्याउने विकृतिमा बढोत्तरी हुँदो छ । तिनै अपराधी चरित्रका मानिसलाई सांसद, मन्त्री तथा प्रशासकको हैसियतमा मुलुकको विधेयक बनाउने र कार्यान्वयन गर्ने जिम्मेवारी दिने विद्यमान प्रावधानले मुलुकमा कस्तो सुशासन देला त ?

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

हाम्रो गणतान्त्रिक शासनको आधार बहुपार्टी पद्धतिमा निर्भर छ । आपसी प्रजातान्त्रिक प्रतिस्पर्धात्मक संस्कार मुलुक तथा राज्यको राजनीति प्राण मानिन्छ । निरंकूशता तथा निषेधलाई अस्वीकार, उदारता तथा सहकार्यता देश सञ्चालनका मुख्य औजार ठानिन्छ । देशको बहुल जाति, भाषाभाषी तथा सामुदायिक समावेशिता राजनीतिक सर्वमान्यताको सिद्धान्त मानिएको छ । गणतन्त्रकालमा राजनीतिक पार्टी, नेता र राज्य शासन पद्धति राजनैतिक स्वतन्त्रतासहित खुला राजनीतिक पार्टी गतिविधिमा आधारित रहेका छन् । राजनीतिक शासन तथा जनउत्तरदायी सरकार-संविधान अनुसार तीन तहको संघ, प्रदेश र स्थानीय शासन तथा जनउत्तरदायी सरकारको व्यवस्था गरिएको छ । तीनवटै सबै निकायमा निर्वाचित जनप्रतिनिधिमूलक शासन सत्ताको व्यवस्था मिलाइएको छ । गणतन्त्रकालको पहिलो निर्वाचन भएको पहिलो अवधि समाप्त भएर, दोस्रो चुनावको समयावधि आसन्न हुँदो छ । आवधिक जनमतका आधारमा सत्ता, शक्ति र राज्यको साधनस्रोतमा पहुँच निर्धारण पनि गरिएको छ । सत्ता र प्रतिपक्षको समन्वय, सहकार्य र सहभागितामा देशका ऐन कानुन निर्माण र कार्यान्वयनका वैज्ञानिक व्यवस्था गरिएको छ । शासकको विधि नभएर विधिको शासनमा चल्ने मुख्य आधार नीतिको पालना हुने विश्वास गरिन्छ । यसर्थ नीतिको नीति राजनीतिको सर्वोपरिताको पालना नेतृत्वको आचरणमा निर्भर गर्दछ ।

संविधानको मर्म पालना गरी नीति, राजनीतिमा चल्नु नेता, राजनीतिक पार्टी तथा तिनका कार्यकर्ताका लागि मुख्य सर्त हुन्छन् । संविधानमा केही खोट देख्ने तथा कमजोरीका आरोप लगाउनेले पनि यही संविधानको सिमाभित्र बसी न्यायिक उपचारको बाटोबाट निकास दिनु तथा सर्बसम्मत सहमतिमा अगाडि बढ्ने नीति अवलम्बन गरिनु व्यवहारिक तथा सफलताको आधार हुन सक्छ । नेपाल राज्यको गणतान्त्रिक संविधानको मुख्य उद्देश्य नीतिको पालक नेता, जनमुखी राजनीति र पारदर्शी पार्टी पद्धतिको चाहना हुन् तर, हामी के गरिरहेछौ ? मुलुकका पार्टीहरु के गर्दैछन् र कसरी चलिरहेछन् ? प्रश्न व्याप्त छ ।

वर्ष २०७८ नेतृत्व चयन र महाधिवेशनमय बनेको छ । प्रायः मुलुकका सबै ठूला राजनीतिक पार्टीहरुका महाधिवेशन भएका छन् । आगामी चार/पाँच वर्षका लागि पार्टीको शीर्षस्र्थ जिम्मेवारी वैधानिक रुपमा पाइरहेका छन् । कुनै पार्टीमा पूर्ण प्रजातान्त्रिक अभ्यासमा चुनावबाट नयाँ, पुराना अनुहारका नेताहरु स्थापित भएका छन् । कुनै पार्टीमा एकता र सहमतिका नाममा प्रजातान्त्रिक अभ्यासलाई पूर्ण निषेध गरी सर्वोच्च नेताको खल्तीबाट नेताहरुको नाम पढ्ने र महाधिवेशनबाट अनुमोदन गर्ने संस्कृतिलाई प्रश्रय गरिएको छ । कतिपय पार्टीमा भने शीर्षस्थ नेतृत्व गर्न सक्ने वा सबै पार्टीहरुलाई आफ्ना मुद्दामा हिँडाउन सक्ने नयाँ पुस्ताको सर्वमान्य नेतृत्व तयार नभएको र बाध्यतामा पुरानै शीर्षस्थ नेताको सर्वसम्मत अपरिहार्यतामा महाधिवेशनको सहमतिमा नेतृत्व छनौटमा लागि परेको पाइन्छ । महाधिवेशनबाट कतै नयाँ, कतै पुराना नेतृत्वले नै वर्चस्व कायम गर्दै पार्टीहरुमा कब्जा गरिरहेका छन् ।

पार्टीहरुको महाधिवेशनका लहरले गणतन्त्रकालीन नेपालमा सर्वप्रथम जनता, पार्टी समर्थक कार्यकर्ताहरुका बीचमा आ-आफ्ना लागि राजनीतिक शासन गर्ने नेतृत्व चयनका विषयमा खुलेर छलफल भएको छ । पार्टीका नीति, विचार तथा राजनीतिक दृष्टिकोण र आदर्शताका पक्षमा बिर्को लगाएर, अन्योलतमा राखेर केवल नेता चयनमा सही तल्लो स्तरमा पहिलो पटक विचार विमर्शको लहर घरघर, टोल टोल, वडा वडा, सबै स्थानीय तह, निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश हुँदै केन्द्र तहसम्म फैलियो र सबै तहमा नयाँ नयाँ नेतृत्वको छनौटमा नयाँ अभ्यास र प्रयास पनि व्यापक भयो । चुनावी प्रतिस्पर्धामा होस् वा एकता र सामूहिक सहमतिको प्रयासमा होस्, सबै नेतृत्वले आफूलाई नयाँ कार्यकालका लागि स्थापित हुन न्वारनदेखिको बल लगाउन मात्र परेको होइन, आफ्नो चारित्रिक हैसियत र जनताले स्पष्ट देख्न नपाएका नेताहरुका सुगुण दुर्गुण सबै पक्षसित साक्षात्कार गर्न पाए । सत्ता, शक्ति र धनदौलतका प्रभावमा महाधिवेशनको प्रक्रिया र लहरमा पार्टी संस्थापन र विरोधका पक्षधरहरुले आ-आफ्ना सामर्थ्यअनुसार प्रदर्शन नै गरि छाडे । विगतका आफ्ना कमीकमजोरी अरुलाई दोषी करार गराएर आफूलाई सफल, इमानदार तथा योग्य नेता सावित गर्न कार्यकर्ता समक्ष निर्लज्जतासाथ गिडगिडाए, रोए, कराए, कतै धम्काए र लेनदेनमा सहमत गराए । जे होस् जसरी नयाँ विधानअनुसारको आगामी कार्यकालका लागि मुलुकको सर्वोच्च राजनीति आफ्नै मुट्ठीमा राख्न तथा पुरानो पुस्ताले नयाँ पुस्तामा चाहेर नचाहेर पनि हस्तान्तरण गर्न बाध्य भए ।



